# आज २०६४ माघ २२ गते हामी चौथो वर्ष पूरा गरी पाँचौं वर्षमा प्रवेश गर्दैं छौं ।

यस सुखद उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहक एवम् उपभोक्ताहरुलाई आगामी दिनहरुमा पनि स्तरीय तथा विश्वसनीय सेवा उपलब्ध गराई दूरसञ्चार सेवामा समर्पित हुने प्रण गर्दछौं ।

# नेपाल टेलिकम

# नेपाल टेलिकम

(नेपाल दूरसञ्चार कम्पनी लिमिटेड)

चौथो वार्षिकोत्सव स्मारिका

**२०६४**

# NEPAL TELECOM

**(NEPAL DOORSANCHAR COMPANY LIMITED)**

*4th Anniversary Souvenir*

**2008**


प्रकाशन मिति : २०६४ माघ २२ गते

**सम्पादन समिति**

| | |
|---|---|
| विश्वनाथ गोयल | संयोजक |
| रमेशकुमार श्रेष्ठ | सदस्य |
| लोचनलाल अमात्य | सदस्य |
| दिनेश कुमार रेग्मी | सदस्य |
| लक्ष्मण अधिकारी | सदस्य |

| | | |
|---|---|---|
| ले-आउट/आवरण डिजाइन | : | नगेन्द्र/ज्ञानेन्द्र स्याङ्बो |
| शुद्धाशुद्धि | : | रोहिणी घिमिरे |


यस स्मारिकामा व्यक्त विचारहरु लेखकका निजी हुन् र प्रस्तुत तथ्याङ्को जिम्मेवारी लेखक स्वयम्मा हुनेछ ।

– संयोजक

नेपाल सरकार
सूचना तथा सञ्चारमन्त्रीको
निजी सचिवालय
सिंहदरबार, काठमाडौं



# शुभकामना

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) स्थापनाको पाँचौं वर्ष प्रवेशको अवसरमा सम्पूर्ण कम्पनी परिवार तथा यसका सम्पूर्ण ग्राहकहरुप्रति हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्न चाहन्छु ।

'हात-हातमा मोबाइल घर-घरमा इन्टरनेट' भन्ने नाराका साथ दूरसञ्चारको सेवा विस्तार, सेवाको गुणस्तर तथा क्षमता अभिवृद्धि गर्दै नेपालको सम्पूर्ण भू-भागमा दूरसञ्चार सेवा पुऱ्याउने उद्देश्यमा नेपाल टेलिकमको प्रमुख भूमिका रहने कुरामा म विश्वस्त छु । पूर्वदेखि पश्चिमसम्म, उत्तरदेखि दक्षिणसम्म, हिमाल, पहाड र तराईका सबै भू-भागमा वैकल्पिक सूचना मार्गहरु निर्माण गरी टेलिफोन पुऱ्याउने सूचना तथा सञ्चार मन्त्रालयको अवधारणालाई मार्गदर्शनको रुपमा लिई जनतालाई दूरसञ्चार सेवा प्रदान गर्न नेपाल टेलिकम अगाडि बढ्नेछ भन्ने आशा लिएको छु ।

सूचना प्रविधिमा भैरहेको अभूतपूर्व र तीव्र विकासले आजको युगलाई सूचना प्रविधिको युग बनाएको छ । सूचना तथा सञ्चार मानिसको मौलिक एवम् आधारभूत आवश्यकता बन्न गएको छ । यसले दूरसञ्चार सेवाको क्षेत्र, आवश्यकता र महत्वलाई स्वतः पुष्टि गर्दछ । अहिलेको विश्वमा यो आवश्यकतालाई छिटो, छरितो र गुणस्तरीयरुपमा सर्वसुलभ ढंगबाट प्रदान गर्नु यस क्षेत्रको चुनौती पनि हो । नेपालमा यो चुनौती पूरा गर्ने प्रमुख दायित्व नेपाल टेलिकमको काँधमा छ । विश्वव्यापीरुपमा दूरसञ्चार क्षेत्रमा हासिल भएका उपलब्धिहरु र आधुनिक प्रविधिको अधिकतम उपयोग गर्दै यस क्षेत्रका सम्भावना र अवसरहरुलाई समेत नेपाल र नेपाली जनताको उन्नति एवम् हितमा सदुपयोग गर्न आवश्यक छ । यसका लागि नेपाल टेलिकमलाई गतिशील बनाइराख्न यसको वैज्ञानिक र वस्तुपरक ढंगले पुनर्संरचना गर्दै सिर्जनशील योजना तथा कार्यक्रमद्वारा दूरसञ्चार सेवाको पहुँच र सुविधालाई नेपालको सबै शहरी तथा विकट ग्रामीण क्षेत्रमा भरपर्दो, गुणस्तरीय र सर्वसुलभ ढंगबाट पुऱ्याउने कामलाई प्राथमिकता दिन जरुरी छ ।

नेपाल यति बेला राजनीतिक परिवर्तनको ऐतिहासिक संघारमा छ । आर्थिक, सामाजिक एवम् सांस्कृतिकरुपमा पछि परेका नेपाली जनतालाई भावी नयाँ नेपालको मूल प्रवाहमा ल्याउन नेपाल टेलिकमले *'राष्ट्र निर्माण-हाम्रो लक्ष्य, विकासको पूर्वाधारको लागि दूरसञ्चारमा क्रान्ति'* भन्ने मूल संकल्पका साथ अघि बढ्ने विशेष अपेक्षासहित यस संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

धन्यवाद ।

**(कृष्णबहादुर महरा)**
मन्त्री
सूचना तथा सञ्चार

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं



# शुभकामना

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको आफ्नो चौथो वार्षिकोत्सवको उपलक्ष्यमा कम्पनीबाट स्मारिका प्रकाशन गर्न लागेकोमा म अत्यन्त हर्षित भएको छु। सूचना तथा सञ्चार प्रविधिमा भएको अभूतपूर्व विकासले विश्व नै एउटा गाउँको रुपमा परिवर्तित भएको आजको युगमा टेलिफोनको महत्व आफैंमा स्पष्ट छ ।

नेपालजस्तो भौगोलिक विविधताले गर्दा पिछडिएको देशमा भौगोलिक व्यवधानलाई बेवास्ता गरी आर्थिक तथा सामाजिक विकास गर्ने तथा जनतालाई छिटोछरितो माध्यमद्वारा सेवा पुऱ्याउने एउटा माध्यम सूचना-सञ्चार प्रविधि नै हो । यही प्रविधिको सहायताले नै देशलाई आधुनिकताको शिखरमा पुऱ्याउन सकिन्छ । यसै पृष्ठभूमिमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले नेपालमा टेलिफोन सेवाको विस्तारमा पुऱ्याएको योगदान प्रशंसनीय छ । टेलिफोन सेवाको विस्तार र यसको गुणस्तरमा सुधार गर्न नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले भविष्यमा अझ ठोस उपलब्धि हासिल गर्नेछ भन्ने मेरो विश्वास रहेको छ ।

म नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले टेलिफोन सेवाको माध्यमद्वारा देश विकासमा पुऱ्याएको सेवाको निम्ति यस संस्थाको चौथो वार्षिकोत्सवको अवसरमा हार्दिक धन्यवाद र बधाई दिन चाहन्छु र उत्तरोत्तर प्रगतिको कामना गर्दछु । प्रस्तुत स्मारिकाको प्रकाशनमा सफलताको कामना पनि गर्दछु ।

**(युवराज पाण्डे)**
सचिव
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार

# प्रतिबद्धता



आज माघ २२ गते नेपाल टेलिकम चौथो वर्ष पूरा गरी पाँचौं वर्षमा प्रवेश गरेको छ । यस सन्दर्भमा आगामी वर्षमा पनि अझ भरपर्दो, गुणस्तरीय र सहुलियतपूर्ण दूरसञ्चार सेवा पुऱ्याउने कार्यमा निरन्तर कटिबद्ध रहने प्रतिबद्धता व्यक्त गर्दछु । नेपाल टेलिकम विगत वर्षहरुमा झैं यस वर्ष पनि प्रगतिको अग्रणी स्थानमा नै कायम रहेको छ । यसको श्रेय खासगरी नेपाल टेलिकमका सम्पूर्ण उपभोक्ता, कर्मचारीहरुका साथै कम्पनीका शुभचिन्तकहरुमा नै जान्छ । नेपाल टेलिकमलाई प्रगतिको यस उचाइमा पुऱ्याउन योगदान दिने नेपाल टेलिकमका आदरणीय उपभोक्ता, शुभचिन्तक तथा सम्पूर्ण सहयोगीहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै सम्पूर्ण कर्मचारीहरुमा धन्यवाद ज्ञापन गर्दछु र भविष्यमा पनि कम्पनीको विकासका लागि अविछिन्न सहयोग प्राप्त हुने अपेक्षा गर्दछु ।

कुनै पनि व्यावसायिक संस्थाको  यथार्थता मूलरुपमा आर्थिक तथ्यांकहरु र ग्राहकसंख्या वा बजार विस्तारसम्बन्धी तथ्यांकहरुबाट  झल्किन्छ ।

नेपाल टेलिकमको कुल आम्दानी गत ४ वर्षको अवधिमा करिब रु. ७ अर्ब ६६ करोडबाट करिब रु. १३ अर्ब ७९ करोड पुगेको छ भने ग्राहकसंख्या ४,२२,१८३ बाट २०,५०,७२८ पुगेको छ । त्यसैगरी CDMA सेवाको पहुँच ७० जिल्ला र GSM mobile को पहुँच ५७ जिल्लामा पुगिसकेको छ । यी तथ्यांकहरुलाई दृष्टिगत गर्दा आजका दिनसम्म कम्पनी एक सक्षम संस्थाको रुपमा चलिरहेको प्रमाणित हुन्छ । यसको अलावा ४ वर्षअघि एक हजार ग्राहकहरुको लागि जम्मा १३ जना कर्मचारी थिए भने हाल करिब ३ जना कर्मचारीबाट १ हजार ग्राहकलाई सेवा दिइएको छ । यसबाट कम्पनीका कर्मचारीहरुको उत्पादकत्व पनि वृद्धि भएको देखिन्छ ।

यी उपलब्धिहरुका बाबजुद मुलुकका विकट गाउँका हरेक वडा-वडाबाट आइरहेका हरेक प्रकारका दूरसञ्चार सेवाको मागलाई सर्वसाधारण जनताले अपेक्षा गरेअनुरुप पूर्ति गर्न सकिएको  छैन । यो हामी सम्पूर्ण कर्मचारीहरुले मनन गर्नुपर्ने तीतो यथार्थता हो । सेवाहरुको मागअनुसारको आपूर्ति एउटा ठूलो चुनौती मात्र नभई कम्पनीको भविष्य नै यसमा भर पर्ने कुरा आत्मसात् गर्न आवश्यक छ । तसर्थ हिजोका दिनहरुमा भन्दा भोलिका दिनहरुमा कम्पनीभित्र नेतृत्व दिने र निर्णय गर्ने क्षमता, व्यवस्थापकीय सीप, कर्मचारीको कार्यकुशलता, उत्पादकत्व, बानी-व्यहोरा, कार्यसंस्कार र मानसिकतामा काँचुली फेर्ने प्रकारको परिवर्तन ल्याउन जरुरी छ । यसो गर्न सके मात्र वर्तमान प्रतिस्पर्धात्मक वातावरणमा दूरसञ्चार सेवा बजारमा आफ्नो प्रभुत्व कायमै राखी कम्पनी अघि बढ्न सक्छ । यसको लागि कम्पनीको उच्च व्यवस्थापनलगायत सम्पूर्ण कर्मचारीहरुले 'सेवा नै धर्म हो' भन्ने उक्ति नेपालजस्तो मुलुकमा 'लागू नहुने, अव्यावहारिक सिद्धान्त मात्र हो' भन्ने धेरैको भनाइलाई गलत साबित गर्नै पर्ने हुन्छ । विश्वका धेरै मुलुकहरुमा देखा परेको आर्थिक तथा सामाजिक विकासको तुलनामा हाम्रो मुलुक पछि परेको यथार्थता लुकाउन सकिन्न । दुई तिहाइभन्दा बढी भूभाग दुर्गम पहाडी क्षेत्रले ओगटेको विश्वकै एक कठिन भौगोलिक स्थिति भएको मुलुकमा दूरसञ्चार तथा सूचना प्रविधिको ठूलो महत्व हुने कुरामा कसैको दुई मत हुँदैन । तसर्थ मुलुकको आर्थिक तथा सामाजिक विकासको लागि नभई नहुने एक महत्वपूर्ण पूर्वाधार निर्माणको जिम्मेवारी यस कम्पनीका हरेक कर्मचारीको काँधमा आएको छ । सो जिम्मेवारी पूरा गरी नेपाल टेलिकम तथा मुलुकको विकासमा समर्पित हुन सम्पूर्ण कर्मचारीहरुमा आग्रह गर्दछु ।

**सुगतरत्न कंसाकार**
प्रबन्ध निर्देशक
नेपाल टेलिकम
२०६४।१०।२२

# सम्पादकीय

नेपाल टेलिकम आज २०६४ साल माघ २२ गते चौथो वर्ष पूरा गरी पाँचौं वर्षमा प्रवेश गरेको छ। यस अवसरमा कम्पनीका सम्पूर्ण कर्मचारीहरुमा खुशी तथा उत्साहको अनुभव हुनु स्वाभाविक नै हो। यो खुशीको सुखद अनुभूतिलाई हामी नेपाल टेलिकमका सम्पूर्ण उपभोक्ता तथा शुभचिन्तकहरुसँग आत्मसात् गर्न चाहन्छौं।

कम्पनीमा परिवर्तन भएपछिका अवधिमा नेपाल टेलिकमले दूरसञ्चार विकास तथा विस्तारको क्षेत्रमा ठूलो फड्को मारिसकेको छ। नेपाल टेलिकमले आफ्नो सेवाको विस्तार गर्दा नाफा हुने शहरी क्षेत्रमा मात्र नभई ठूलो लगानीबाट कम प्रतिफल आउने ग्रामीण क्षेत्रमा समेत महत्वका साथ लगानी गरिरहेको छ। वर्तमान दूरसञ्चार बजार प्रतिस्पर्धात्मक रुपमा अगाडि बढिरहेको भए तापनि नेपाल टेलिकम दुर्गम तथा ग्रामीण क्षेत्रमा समेत उत्तिकै महत्व दिएर सेवाको विस्तार गर्दै अग्रणी संस्थाको रुपमा कायम रहन सकेको छ।

नेपाल दूरसञ्चार संस्थान कम्पनीमा परिवर्तन भएपछि  यसले टेलिफोन सेवा विस्तारका लागि ठूला आयोजनाहरु सञ्चालनमा ल्याएको छ, जसले गर्दा चार वर्षको छोटो अवधिमा टेलिफोन संख्यामा करिब पाँच गुणा वृद्धि भएको छ भने कम्पनीको आम्दानीमा झन्डै दोब्बर वृद्धि भएको छ। कम्पनीमा परिवर्तन हुनासाथ नेपाल टेलिकमले कर्मचारीहरुको दक्षता अभिवृद्धि गर्ने तथा कार्यशैली परिवर्तन गर्ने विभिन्न किसिमका तालिमहरु सञ्चालन गरेकोमा अहिले त्यसका प्रतिफलहरु पनि देखा पर्न थालेका छन्। चार वर्षको अवधिमा प्रतिहजार टेलिफोन लाइन कर्मचारीको संख्यामा झन्डै १० जनाले कमी भएको छ। यसले नेपाल टेलिकमका सम्पूर्ण कर्मचारीहरुलाई गौरवान्वित तुल्याएको छ।

तर अहिले गौरव र खुशी मानेर मात्र बस्ने अवस्था छैन। उपभोक्ताहरुले माग गरेअनुरुप गुणस्तरीय र भरपर्दो दूरसञ्चार सेवा सहुलियतपूर्ण रुपमा उपलब्ध गराउनु आजका महत्वपूर्ण चुनौतीहरु हुन्। यी चुनौतीहरुको सामना गर्न सदा तत्पर रहनु र कार्यक्षेत्रमा खटिनु वर्तमान प्राथमिकताहरु हुन्।

नेपाल टेलिकमले आफ्ना सेवाहरुको समयसापेक्ष उपभोक्ताहरुलाई विभिन्न माध्यमबाट जानकारी गराउने गरेको छ। नेपाल टेलिकमले आफ्ना उपलब्धि तथा सेवाहरुको सम्बन्धमा हरेक वर्ष स्मारिकासमेत प्रकाशित गरी जानकारी गराउने गरेको छ।

यस वर्ष पनि नेपाल टेलिकमले आफ्नो वार्षिकोत्सवको उपलक्ष्यमा सदाझैं यो स्मारिका प्रकाशित गरेको छ। यस स्मारिकालाई गतवर्षहरुमा प्रकाशित स्मारिकाभन्दा अझ जानकारीमूलक, उपयोगी, त्रुटिरहित र स्तरीय बनाउन स्मारिका प्रकाशन समितिले उच्चतम प्रयत्न गर्दागर्दै पनि कतिपय कारणले पाठकवर्गको अपेक्षाअनुरुपका सामग्रीहरु सम्पूर्णरुपमा समेटिएको नहुन सक्छ, साथै विभिन्न त्रुटिहरु भएका हुन सक्छन्। यस्ता त्रुटिहरुलाई मानवीय भूलका रुपमा लिइदिन आग्रह गर्दछौं। समयसीमा तथा सीमित स्थानका बाबजुद सम्पादन समितिलाई विभिन्न माध्यमबाट प्राप्त लेख तथा रचनाहरुलाई अधिकतम रुपमा समेट्न प्रयत्न गरिएको जानकारी गराउँछौं।  स्मारिकामा प्रकाशनार्थ यस पटक गतवर्षहरुमा भन्दा धेरै लेख-रचनाहरु प्राप्त भएकाले यसले सम्पादन समितिलाई एकातिर अझ हौसला प्रदान गऱ्यो भने अर्कोतिर लेख छनोट तथा सम्पादन कार्यमा थप चुनौती थपिएको अनुभव भयो। स्मारिकामा प्रकाशनार्थ आफ्ना लेख-रचना तथा सुझावहरु प्रेसित गर्नेलगायत प्रकाशन कार्यमा विभिन्न क्षेत्रबाट सहयोग पुऱ्याउने सम्पूर्ण महानुभावहरुप्रति प्रकाशन समिति हार्दिक आभार व्यक्त गर्दछ। साथै सबै लेख-रचनाहरु समेट्न असमर्थ भएको बाध्यतालाई सहजरुपमा लिइदिन सम्पूर्ण लेखकवर्गहरुमा अनुरोध गर्दछौं।

**स्मारिका प्रकाशन समिति**

**२०६४**

# विषय सूची

# Table of Contents

## चौथो वार्षिकोत्सव स्मारिका

## 4th Anniversary Souvenir 2008


| क.सं. | विषय | लेखक | पृष्ठसंख्या |
|---|---|---|---|
| १. | कम्पनीको भविष्य उज्ज्वल हुने विश्वास | - लक्ष्मण अधिकारी | ११ |
| २. | नेपाल टेलिकम : नयाँ सोचाइको आवश्यकता | - विश्वनाथ गोयल | १४ |
| ३. | नेपालमा टेलिकम लाइसेन्स : एक विवेचना | - हिरण्यकुमार भट्टराई | १६ |
| ४. | नेपाल टेलिकमको अग्रगमन र कर्मचारी दायित्व | - सुरेन्द्र प्रसाद थिके | १९ |
| ५. | Achieving Excellence Through Customer Satisfaction | - Shiv Bhushan Lal | २२ |
| ६. | Improving The Effectiveness of Audit Committee | - Sudhir Prasad Aryal | २५ |
| ७. | मदनकाजी शाक्यको सम्झना | - रामचन्द्र भट्ट | २९ |
| ८. | Are we managing Risk ? | - Pradeep Raj Upadhyay | ३२ |
| ९. | ग्रामीण दूरसञ्चार वर्तमान र भावी कार्यक्रम | - विमल आचार्य | ३६ |
| १०. | Grievances Handling in Nepal Telecom | - Narayan Mahat | ४० |
| ११. | The Seven Habits in Nepal Telecom | - डम्बर बहादुर चन्द | ४१ |
| १२. | 3G and Beyond,Opportunities for Nepal Telecom | - Rabindra Jha | ४५ |
| १३. | प्रभावकारी सञ्चारका लागि व्यवस्थापन सूचना प्रणाली | - एकनारायण अर्याल | ४९ |
| १४. | सूचना तथा सञ्चार क्षेत्रमा भएका उपलब्धि | - राजेन्द्र नेपाल | ५३ |
| १५. | परिणाममुखी व्यवस्थापनका लागि उत्प्रेरणा | - दिनेश कुमार रेग्मी | ५७ |
| १६. | NT's Next Generation (NG) Radio Backbone: An overview | - Anant Prakash Mallik | ६२ |
| १७. | नेपाल टेलिकमका उद्देश्य, उत्तरदायित्व र कर्मचारीहरु | - किशोर उप्रेती | ६६ |
| १८. | IPTV: a brief description | - Minu Pradhan | ६९ |
| १९. | पूर्ण प्रतिस्पर्धामा नेपाल टेलिकम | - उत्तम प्रसाद कोइराला | ७२ |
| २०. | Sagarmatha Satellite Earth Station-A Journey of 25 Years | - Babu Kaji Shakya & Lok R Paneru | ७३ |
| २१. | राष्ट्र निर्माणमा नेपाल टेलिकमको भूमिका | - बद्रीप्रसाद ढकाल | ७५ |
| २२. | IVR Technology and Value Added Services (A Business Perspective and Technical Overview) | - Binita Shrestha | ७७ |
| २३. | Updating corporate web-site: 'http://www.ntc.net.np' why it is ignored so much? | - Navin Lal Shrestha | ८१ |
| २४. | नेपाल टेलिकमको विकासमा दूरसञ्चार तालिम केन्द्रको महत्त्व | - नारायणप्रसाद काफ्ले | ८२ |
| २५. | 'टेलिकम' नौलो नाम, नौलो काम | - मदन भट्ट 'पल्याल' | ८४ |
| २६. | GSM Roaming, Fraud in International Roaming and Fraud Preventions Techniques | - Sanjeeb Kumar Deo | ८५ |
| २७. | The Mobile Wireless Data of Nepal Telecom | - Er. - Anjil Joshi | ८७ |
| २८. | कानुनी प्रावधानहरुको पालना अपेक्षित सुधार | - रामकुमार केसी | ८९ |
| २९. | Real Time Billing – Challenges and Opportunities | - Arun Manandhar | ९१ |
| ३०. | A Mobile Value-added Services Road map | - Pratima Pradhan | ९३ |
| ३१. | नेपाल टेलिकम : राजस्व वृद्धि तथा चुनौती | - केशव राज देवकोटा | ९५ |
| ३२. | Restructuring in Nepal Telecom and Foundations of Organization Structure | - Bhuwan Raj Chataut | ९७ |
| ३३. | संस्थागत सुदृढीकरणका लागि आचरण परिवर्तनको आवश्यकता | - पशुपति गिरी | १०० |
| ३४. | सेवा गर्ने अठोट | - विश्वनाथ ढुंगेल | १०१ |
| ३५. | A brief Journey with NT's Intelligent Network Services | - Pratibha Vaidya | १०२ |
| ३६. | नेपाल टेलिकमको उद्देश्य, अवसर र चुनौती | - इ. शिवजी साह | १०४ |
| ३७. | टेलिकमको भविष्य र कर्मचारीको भूमिका | - राजाराम शर्मा | १०५ |
| ३८. | २५ वर्ष स्थायी सेवाअवधि पुगेका कर्मचारीहरुको विवरण | | १०८ |